**मिति २०८०।१०।०९ गते बसेको निस्दी गाउँपालिकाको ४९ औँ गाउँ कार्यपालिका बैठकको निर्णयहरु**

१. प्रस्ताव नं १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनमा गइरहेको पाइयो ।

२. प्रस्ताव नं २ माथि छलफल गर्दा गाउँ सभाको १४ औ अधिवेशनमा सभ्य र भब्य सहित सफलता पूर्वक सम्पन्न भएको पाइयो ।

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यबाट वडा कार्यालयबाट भएको सेवा प्रवाह तथा आयोजना संचालन सम्बन्धी विषयमा यस बैठक समक्ष रिपोटिङ्ग गर्नुभयो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा आ.व २०८१।०८२ को संघिय समपुरक तथा विशेष अनुदानका कार्यक्रम देहाय अनुसार छानौट गरी अनुदानको लागी संघिय सरकार समक्ष प्रस्ताब पेश गर्ने सर्वसम्मत निर्णय गरियो ।

**संघिय समपुरक**

| क्र.सं | आयोजनाको नाम | आयोजना स्थल | रकम रु |
|---|---|---|---|
| १ | केम खाम्चा मार्ग स्तरोन्नती तथा ग्राभेल | निस्दी गाउँपालिका वडा नं १ , , २ , ३ , ४ , ६ , ७ | रु ४ करोड संघिय सरकार र रु ४ करोड निस्दी गाउँपालिका |

**विशेष अनुदान**

| क्र.सं | आयोजनाको नाम | आयोजना स्थल | रकम रु |
|---|---|---|---|
| १ | सहलकोट स्वास्थ्य चौकी निर्माण | निस्दी - २ , सहलकोट | २ करोड |
| २ | काउँले डाँडा कबुलियति वन पर्यटन प्रवर्दन | निस्दी-३ , झिरुवास | २ करोड |
| ३ | फिर फिरे दोरङ्ग खेत सिंचाइ आयोजना | निस्दी - ६ , अर्चले | ६ करोड |

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा निस्दी गाउँपालिकाको झिरुवास स्वास्थ्य चौकी र सेवा प्रदायक कर्मचारी श्री नविना सुनारी लाइ क्रमश सुरक्षित गर्भपतन सेवा प्रदायक संस्था तथा कर्मचारीको रुपमा सूचिकरण गर्ने सर्वसम्मत निर्णय गरियो ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल

६. प्रस्ताव नं ६ माथि छलफल गर्दा निस्दी गाउँपालिका वडा नं - ४ निवाशी सुरज कुमारी सुनारी को आर्थिक अवस्था कमजोर भएको र आर्थिक अवस्था कमजोर भएकै कारण पढाइ छोड्न पर्ने देखिन अएकोले डिप्लोमा इन सिभिल इन्जिनीयरीङ्ग अध्ययन गर्न रु ५० हजार आर्थिक सहयोग गर्ने सर्वसम्मत निर्णय गरियो। निस्दी गाउँपालिका वडा नं-०१ वाकामलांग निवाशी मिनिमाया वि.कको आर्थिक अवस्था नाजुक भएको र टाउकोको सल्यक्रिया गर्नु पर्ने भएकोले रु २५ हजार आर्थिक सहयोग गर्ने सर्व सम्मत निर्णय गरियो।

७.प्रस्ताव नं ७ माथि छलफल गर्दा मिति २०८०।०४। १२ , १३ र १४ गते यस गाउँकार्यपालिकाको टिम अवलोकनको लागी नेपालगंज जाँदाको गाडी भाडा बापतको रकम रु ३३ हजार भूत्तानी गर्न गाउँकार्यपालिकाको कार्यालयलाइ निर्देशन दिने निर्णय गरियो। निस्दी गाउँपालिकाबाट खरिद गरिएको पाइप वडा कार्यालय बाट वितरण गर्ने र सो ठाउँमा पुर्याए वापत ढुवानी खर्च गाउँकार्यपालिकाको कार्यालयले तोकेको मापडण्ड अनुसार गा.पाले ब्यहोर्ने निर्णय गरियो।

**४९ औ गाउँकार्यपालिका बैठकको निर्णय प्रमाणित**

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

०८० |१०|१

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत